# सिविन नेपालको
# सूचना तथा सञ्चार नीति

## १. प्रस्तावना :

सिविन-नेपाल बालबालिकाका लागि बालबालिकाका साथमा काम गर्ने बालअधिकारमुखी संचेतनामूलक संस्था भएको कुरालाई मनन गर्दै, बालअधिकार संचेतनाका लागि सूचना प्रवाह तथा संचार माध्यमको भूमिका व्यापक रहेको कुरालाई ध्यानमा राख्दै, राष्ट्रसंघीय बालअधिकार महासन्धि १९८९ को सिद्धान्त तथा भावनालाई आत्मसात गर्दै, सिविनको ध्येय, लक्ष्य, मूल्य, मान्यता तथा उद्देश्य अनुकुल हुनेगरी सिविनको सूचना तथा सञ्चार व्यवस्थापन तथा परिचालनका लागि संस्थाले विभिन्न समयमा विकासगरी अवलम्बन गर्दै आएका नीति तथा आचार संहिताहरू लगायतलाई आधार मान्दै, यस **"सिविन-नेपालको सूचना तथा संचार नीति"** को तर्जुमा गरिएको छ ।

## २) परिभाषा :

२.१) यस नीतिका निम्ति "सूचना" भन्नाले सिविनको अध्ययन अनुसन्धान, सिविनको स्रोत तथा सूचना केन्द्रबाट निकालिने सूचना सामग्री, तथा सिविनका विभिन्न प्रकाशन जस्तै संचेतनाका सामग्री, पुस्तक-पुस्तिका, मुखपत्र, खबरपत्रिका, परिचय पुस्तिका, पर्चा, पोष्टर तथा बिद्युतीय सञ्चार (Website, audio-visual, radio, TV, documentary) इत्यादिका साथै अन्तरवार्ता लगायतबाट सम्प्रेषण हुने बालबालिकासम्बन्धी सूचनाका विषयबस्तुलाई जनाउँदछ ।

२.२) "सञ्चार माध्यम" भन्नाले पत्रपत्रिका, रेडियो एवं टेलिभिजन प्रसारणहरू तथा इन्टरनेटका समाचार, विचारमूलक अनलाइन सेवाहरू, सडक नाटक, भित्ते पत्रिका लगायत सूचना सम्प्रेषणका विभिन्न माध्यम समेतलाई जनाउँदछ ।

२.३) सञ्चार (Communication) भन्नाले सिविनले आफ्नो संस्थाभित्र र सरोकारवालाहरू (व्यक्ति, समुदाय, संस्था वा निकाय) सँग गरिने सूचना आदान प्रदानलाई जनाउँदछ ।

२.४) "प्रवक्ता" भन्नाले संस्थाका सम्पूर्ण गतिविधि, उद्देश्य र नीतिगत कुराहरू समेत बुझेको संस्थाबाट तोकिएको खास व्यक्तिलाई जनाउँदछ, जसले संस्थाका उद्देश्य र कामसँग जोडिएका बिषयबस्तुमा जनसमुदायलाई सार्वजनिकरूपमा स्पष्ट पार्दै संस्थाप्रतिको उज्ज्वल छवि कायम राख्ने जिम्मेवारी वहन गर्दछ ।

## ३. "सिविन-नेपालको सूचना तथा सञ्चार नीति" का उद्देश्यहरू :

सिविन सूचना तथा सञ्चार नीतिका मुख्य उद्देश्यहरू निम्नानुसार रहेकाछन् :

३.१) बालबालिकाका विविध बिषयमा सिविनले सम्पादन गर्ने, सम्पन्न गर्ने अध्ययन अनुसन्धान, सिविनको स्रोत तथा सूचना केन्द्रबाट निकालिने सूचना सामग्री, तथा सिविनका विभिन्न प्रकाशन जस्तै संचेतना सामग्री, पुस्तक-पुस्तिका, मुखपत्र, खबरपत्रिका, परिचय पुस्तिका, पर्चा,

पोष्टर तथा बिद्युतीय सञ्चार (Website, audio-visual, radio, TV, documentary) इत्यादिमा सिविनको मूल्य, मान्यता र बालअधिकारमुखी सोच अनुरूप बनाउन निर्देशित गर्ने ।

३.२) बाह्य आमसञ्चार माध्यम तथा सञ्चारकर्मीसँग सिविनको सम्बन्ध विकास गर्ने र सिविनले विभिन्न सरोकारवालाहरूसँग गर्ने सञ्चारलाई निर्देशित गर्ने ।

## ४. मान्यता र सिद्धान्त :

सिविन नेपालको सूचना तथा सञ्चार नीतिका सिद्धान्त र मान्यताहरू निम्नानुसार रहनेछन् :

४.१) बालअधिकारको सम्बर्द्धन र संरक्षणको निम्ति संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धिको भावनाअनुसार बनेका सूचना प्रवाह सम्बन्धी अन्तराष्ट्रिय मूल्य मान्यतालाई सम्मान गर्नेछ ।

४.२) सिविनबाट सम्प्रेषित गरिने सूचना बालअधिकारमुखी सोचमा आधारित रही सिविनको मूल्य मान्यता अनुरूप हुनेछ ।

४.३) सञ्चार माध्यम बालअधिकारको संरक्षण तथा प्रवर्द्धनका निम्ति एक जिम्मेवार पक्ष हो भन्ने मान्यता राख्दै बालबालिकासम्बन्धी सूचना कुनैपनि प्रकाशन वा सञ्चार माध्यममा सम्प्रेषण वा प्रसारित गर्दा बालबालिकाको उच्चतम हित तथा गोपनीयताको अधिकारलाईलाई सँधै प्राथमिकता दिइने छ ।

४.४) नृशंसता, क्रुरता, हिंसा वा बालबालिकासँग सम्बन्धित व्यक्तिगत पीडा सम्बन्धी सूचना लेख, समाचार आदि प्रकाशित गर्दा बालबालिकाहरूमा पुनपीडा थप्ने काम नहोस् र उनीहरूको सर्वोत्तम हित अनुकूल होस् भनी ध्यान पुऱ्याइने छ ।

४.५) सिविनका कृयाकलापलाई प्रकाशमा ल्याउन तथा बालअधिकारको सम्वर्द्धन गर्न तथा चेतना अभिवृद्धि गर्न सिविनले विभिन्न प्रकृतिका सञ्चेतना सामाग्रीहरूको प्रकाशन गर्नुका साथै सञ्चार माध्यमलाई सशक्त रूपमा परिचालन गरिने छ ।

## ५.नीति

सूचना तथा सञ्चारका सम्बन्धमा सिविनले निम्नानुसारका नीतिहरू अवलम्बन गर्ने छ :

### **५.१ सूचना उत्पादन तथा सम्प्रेषण**

५.१.१) सिविनका अध्ययन अनुसन्धान, सिविनको स्रोत तथा सूचना केन्द्रबाट निकालिने सूचना सामग्री, तथा सिविनका विभिन्न प्रकाशन जस्तै संचेतना सामग्री, पुस्तक-पुस्तिका, मुखपत्र, खबरपत्रिका, परिचय पुस्तिका, पर्चा, पोष्टर तथा बिद्युतीय सञ्चार (Website, audio-visual, radio, TV, documentary) इत्यादीमा राखिने सूचना सदैव सिविनको मूल्य मान्यता अनुरूप बालअधिकार सम्मत हुनेछ ।

५.१.२) सिविनको सम्पर्कमा आएका विशेषतः जोखिम परिस्थितिका बालबालिकाको बारेमा सूचना, व्यक्तिगत विवरण तथा फोटो सार्वजनिक गर्दा नीज बालबालिकालाई सुसूचित गरी उनीहरूको गोपनियताको अधिकारलाई सम्मान गर्दै बालबालिकाको सर्वोतम हितलाई ध्यानमा राखेर सूचना प्रवाह गरिने छ ।

५.१.३) सिविनका सूचनालाई व्यवस्थित गरी व्यापक रूपमा जनमानसमा पुऱ्याउनको निम्ति सिविनले सर्वसाधारणको प्रयोगको निम्ति खुला रहनेगरी एक राष्ट्रिय स्तरको स्रोत तथा सूचना केन्द्रको सञ्चालन गर्नेछ ।

५.१.४) सिविनले आफ्ना कार्यक्रम, उपलब्धि र सूचनालाई सार्वजनिक गर्न आफ्ना विभिन्न प्रकाशनहरू, अध्ययन अनुसन्धनात्मक प्रतिवेदनहरू एवं बालअधिकारसम्बन्धी वार्षिक प्रतिवेदनको प्रकाशनलाई निरन्तरता दिने छ ।

५.१.५) सिविनद्वारा निर्माण गरी छापा, श्रव्य- दृश्य आदि कुनै पनि माध्यमबाट प्रकाशन/प्रशारण गरिने बालअधिकारसम्बन्धी प्रकाशनहरू तथा सचेतना सामग्रीहरू अनिवार्य रूपमा बालअधिकारको आधारभूत सिद्धान्त अनुरूप हुनेछन् ।

५.१.६) सिविनका सबै प्रतिवेदन, प्रकाशन, तथा अन्य विद्युतीय सञ्चार साधनहरूका उत्पादन तथा निर्माणमा स्पष्टरूपमा सिविनको लोगो (सम्भव भएसम्म हरियो रंगमा) तथा ठेगाना उल्लेख गरिने छ । आवश्यकता अनुसार साझेदार संस्थाको नाम, लोगो पनि उल्लेख गरिने छ ।

## **५.२ सरोकारवालाहरूसँग सञ्चार (Communication)**

५.२.१) सिविनका कर्मचारीले सिविनसँग सम्बन्धित सरोकारवालाहरूसँग सूचना आदान प्रदान गर्दा सिविनको मूल्य मान्यतालाई ध्यानमा राखी स्पष्ट र छरितो तरिकाले गर्नु पर्नेछ । यसका लागिः सरोकारवालाहरूसँग औपचारिक सञ्चार गर्दा तोकिएको व्यक्तिबाट सूचना आदान प्रदान गरिने छ ।

५.२.२) संस्थाको नीति, कार्यक्रम तथा अन्य संवेदनशील बिषयवस्तुमा सार्वजनिक जानकारी दिन अध्यक्ष, महासचिव र प्रवक्ता मार्फत सूचना प्रवाह गर्ने र अन्यको हकमा संस्थाबाट तोकिए बमोजिम हुनेछ । संस्थाका अन्य कर्मचारीले संस्थागतरूपमा सञ्चार वा सूचना संप्रेषण गर्नु परेमा विषयको गाम्भीर्यताका आधारमा सम्बन्धित कार्यक्रम संयोजक, कार्यकारी संयोजक वा अध्यक्षलाई सूचित वा स्वीकृति लिनु पर्नेछ ।

५.२.३) सरोकारवालाहरूसँग सञ्चार गर्दा सूचनामा एकरूपता हुनुपर्ने छ र सोका लागि सम्बन्धित जिम्मेवार व्यक्तिसँग सम्पर्क गरि स्पष्टता हासिल गरिने छ ।

## **५.३ अध्ययन, अनुसन्धान**

५.३.१) बालअधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि र बालबालिकाको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सिविनले कृयामुखी एवं सहभागिमूलक अध्ययन, अनुसन्धान गरी प्रतिवेदनहरू सार्वजनिक गर्नेछ । यस क्रममा बालबालिकाको गोपनीयताको अधिकारको सम्मान तथा सर्वोत्तम हितलाई ध्यान दिइनुका साथै बालबालिकाको जीवनमा सकारात्मक परिवर्तनको निम्ति आवश्यक कदम चालिने छ ।

५.३.२) अनुसन्धान गर्दा जुन समुदायसँग सूचना लिइने हो उनीहरूलाई सो को बारेमा जानकारी गराइने छ र अध्ययनबाट आएको निष्कर्ष उक्त समुदायका सरोकारवालाहरूलाई जानकारी गराइने व्यवस्था गर्नेछ ।

५.३.३) सिविनको प्रत्यक्ष वा परोक्ष रूपमा संलग्नता रहने विभिन्न अध्ययन, अनुसन्धानमा सिविनको मूल्य मान्यता तथा बालअधिकारमुखी सोचलाई अङ्गिकार गर्न सक्ने व्यक्ति वा संस्थालाई मात्र संलग्न गराइने छ ।

**५.४ सञ्चार माध्यमसँगको सहकार्य एवं प्रोत्साहन**

५.४.१) बालअधिकारको संरक्षण एवं प्रबर्द्धन गर्ने सवालमा सञ्चार माध्यमको अहम् भूमिकालाई आत्मसात गर्दै आवश्यकता अनुसार सञ्चार माध्यमसँग सहकार्य गरिनेछ ।

५.४.२) बालअधिकारको क्षेत्रमा सक्रिय रूपमा क्रियाशील सञ्चारकर्मीहरूलाई प्रोत्साहन दिन समय समयमा "फेलोसिप" वा पुरस्कृत गर्ने व्यवस्था गरिने छ ।

५.४.३) सिविनद्वारा सार्वजनिक गरिने सूचना तथा जानकारीहरू कुनै पनि सञ्चार माध्यमलाई बिना भेदभाव उपलब्ध गराइने छ । सिविनले उपलब्ध गराएको सूचना तथा जानकारीलाई सञ्चार माध्यमबाट प्रकाशन एवं प्रसारण गर्न कुनै दबाब दिइने छैन ।

५.४.४) सूचना तथा जानकारीहरू सार्वजनिक गर्दा सम्बन्धित विषयको गाम्भीर्यता, संवेदनशीलता र गोपनीयतालाई विशेष ध्यान दिइने छ ।

५.४.५) सिविन-नेपालले सञ्चालन गर्ने गतिविधिका बारेमा कुनै पनि सञ्चार माध्यममा आधिकारिक जानकारी सम्प्रेषण गर्दा संस्था उत्तरदायी हुनेछ तर आधिकारिक भनाईलाई तोडमोड गरि प्रकाशित/प्रशारित भएमा वा सिविनको प्रतिष्ठालाई आँच पुऱ्याउने कुरामा विषयको गाम्भीर्यताको आधारमा आवस्यकता अनुरूप खण्डन गर्ने तथा कानूनी उपचारमा जान समेत सकिने छ ।

५.४.६) बालअधिकारका विविध बिषयमा आम सञ्चारकर्मीहरूलाई सचेत र क्रियाशील हुन सघाउ पुऱ्याउन आवश्यकता अनुरूप सञ्चारकर्मीहरूमाझ समय समयमा कार्यशाला, अभिमुखीकरण, तालिम लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

## ६. व्यवहारिक आचार

६.१) संस्थाको हित तथा कार्यक्रम बाहेकका सूचना तथा जानकारीको लागि कुनै पनि सदस्य, कर्मचारी, स्वयम् सेवक तथा आवद्ध व्यक्तिले संस्थाको श्रोत प्रयोग गर्नु हुँदैन ।

६.२) बालबालिकाको उच्चतम हितको निम्ति सिविनद्वारा गोप्य भनी वर्गीकृत गरिएको सूचना गोप्य राख्नु पर्दछ । विषयको गाम्भीर्यता र संवेदनशीलताका आधारमा संस्था र बालबालिकाको हितका लागि सदैव गोपनीयतालाई सुनिश्चित गरिनु पर्दछ ।

६.३) सिविन-नेपालद्वारा उत्पादन गरिएका सूचना स्रोतको सही सदुपयोग गर्नुपर्नेछ र अन्य प्रयोजनको निम्ति सूचना प्रयोग गर्दा सिविनको स्रोतलाई साभार गरिनु पर्नेछ ।

६.४) सिविनको लोगो तथा छाप संस्थाको औपचारिक सञ्चार तथा संस्थाको हित र बालअधिकारको संरक्षण र प्रवर्द्धनमा मात्रै प्रयोग गर्नु पर्नेछ ।

६.५) सिविनको मूल्य-मान्यता र प्रतिष्ठामा आँच पुऱ्याउने खालको सूचना कसैबाट पनि प्रवाह हुनुहुँदैन ।

## ७. नीति कार्यान्वयनका लागि चालिने कदमहरू :

७.१) "सिविन-नेपालको सूचना तथा सञ्चार नीति" बारे सरोकारवाला सबैलाई जानकारी उपलब्ध गराईने छ ।

७.२) संस्थाका सदस्य, कर्मचारी तथा स्वयं सेवक लगायत सम्वद्ध व्यक्तिहरूलाई "सिविन-नेपालको सूचना तथा सञ्चार नीति" का बारेमा सुसुचित गराउँदै सो प्रति निजहरूको लिखित प्रतिवद्धता लिइने छ ।

७.३) "सिविन-नेपालको सूचना तथा सञ्चार नीति" आफ्ना सबै कार्यक्षेत्रमा सहज उपलब्ध हुनेछ ।

७.४) सिविनका सम्पूर्ण गतिविधि तथा नीतिगत कुराहरूका बारेमा जानकारी दिनको निम्ति एक छुट्टै सूचना निकाय तथा प्रवक्ता वा जनसम्पर्क अधिकृतको व्यवस्था गरिनेछ । सोही मार्फत नै संस्थाको नीतिगत एवं बिषयगत सूचना तथा जानकारी सञ्चार माध्यमलाई उपलब्ध गराइने छ ।

७.५) सिविनका सम्पूर्ण प्रकाशन सञ्चारसम्बन्धी उत्पादनमा नीतिगत स्पष्टता तथा एकरूपता ल्याउन सिविनले तोकेको आधिकारीक पदाधिकारी वा अध्यक्षको स्वीकृति पश्चात मात्र अन्तिमरूप दिइने छ ।

७.६) यस सिविन-नेपालको सूचना तथा सञ्चार नीतिको संस्थाका सदस्य, कर्मचारी, स्वयंसेवक तथा आवद्ध अन्य ब्यक्तिहरूले उल्लघंन गरेमा सिविनको प्रचलित नियमानुसार कारवाही गरिनेछ ।